विधेयक संख्या :

प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको,

# प्रदेश आर्थिक विधेयक, २०७५

प्रदेश सभा सचिवालय

प्रदेश नं. ३, हेटौंडा

## उद्देश्य र कारण

प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न कर, शुल्क र दस्तुर लगाउन, छुट दिन एवं राजस्व प्रशासन संचालन गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर तथा शुल्क निर्धारण गर्न त्यस्तो कर/शुल्क आंशिक वा पूरै छुट दिने व्यवस्थाको अलावा घर जग्गा रजिष्ट्रेशन शुल्क एवं सेवा शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुको निर्धारण गरेको छ।

**द्रष्टव्य :** यो विधेयक अर्थ विधेयक हो।

(कैलाश प्रसाद ढुङ्गेल)
आर्थिक मामिला तथा योजना मन्त्री

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून तर्जूमा गर्न बाञ्छनीय भएकाले, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७५" रहेको छ।

(२) यस ऐन बमोजिमका दफाहरु मध्ये दफा ६ बाहेकका अन्य दफाहरु सम्वत् २०७५ श्रावण १ गतेदेखि लागु हुनेछ।

(३) यस ऐनको दफा ६ प्रदेश सरकारले तोकेको मितिदेखि लागू हुनेछ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर** : (१) आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं. ३ भित्र अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क घरजग्गा रजिष्ट्रेशन गर्दाका वखत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाले संकलन गर्नु पर्नेछ।

तर गाउँपालिका तथा नगरपालिकाको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क उठाई चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

३. **सवारी साधन कर** : (१) आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं. ३ भित्र दर्ता भई प्रयोगमा रहेको सवारी साधनमा अनुसूची -२ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन कर प्रदेश सरकारले संकलन गर्नेछ।

तर प्रदेश सरकारको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको कर उठाई प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशत रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशत रकम स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँट गरिनेछ।

४. **मनोरञ्जन कर**: (१) आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं. ३ भित्र चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार जस्ता मनोरन्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

५. **विज्ञापन कर** : (१) आर्थिक वर्ष २०७५/०७६ मा प्रदेश नं. ३ भित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग

प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर एवं कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम नै हुनेछ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(४) उपदफा (१) बमोजिम संकिलत करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. कृषि आयमा कर : (१) आर्थिक वर्ष २०७५/०७६ मा स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा कर लगाईने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची-४ बमोजिम हुनेछ।

(३) कृषि आयमा कर लगाउने कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारीको दर्ता किताव (व्लु बुक) दस्तुर : सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारीको दर्ता किताव (व्लु बुक) दस्तुर सम्बन्धी व्यवस्था प्रदेश सवारी तथा यातायात सम्बन्धी कानूनी व्यवस्था नभएसम्मको लागि प्रचलित कानून बमोजिम हुनेछ।

८. दहत्तर वहत्तर शुल्क : (१) आर्थिक वर्ष २०७५/०७६ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर वहत्तरको संकलनमा अनुसूची-६ बमोजिम शुल्क लगाईने र असुल उपर गरिनेछ। साथै गाउँपालिका वा नगरपालिकाले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी विक्री मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिम संकलित रकम तोकिए बमोजिम बाँडफाँट हुनेछ।

९. दण्ड जरिवाना : (१) प्रदेश भित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानुनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

१०. दर घटाउन, बढाउन वा छुट दिन सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल, र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभाबाट पारित गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

११. <u>**प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकवा गर्न सक्ने**</u> : प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपदको कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै वाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

# घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर

## (क) घर जग्गा रजिष्ट्रेशन शुल्क

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्र | | | उपमहानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
| | | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर |
| १. | राजिनामा, सट्टापट्टा र <u>सगोलनामाको लिखत</u> | | | | | | | | | | | | |
| | (क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | २% | ३% | ५% | १.८% | २.७% | ४.५% | १.६% | २.४% | ४% | ०.८% | १.२% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | १.६% | २.४% | ४% | १.२% | १.८% | ३% | ०.८% | १.२% | २% | ०.४% | ०.६% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | २% | ३% | ५% | १.८% | २.७% | ४.५% | १.६% | २.४% | ४% | ०.८% | १.२% | २% |
| २. | <u>छोडपत्र</u> | | | | | | | | | | | | |
| | दर्तafari (संयुक्त दर्तावाला वीचको) लिखितको थैली अङ्कमा | १% | १.५% | २.५% | ०.८% | १.२% | २% | ०.८% | १.२% | २% | ०.४% | ०.६% | १% |
| ३. | <u>हालैदेखिको वकसपत्रको लिखत</u> | | | | | | | | | | | | |
| | हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा | | | | | | | | | | | | |
| | (क) बाजे, बज्यै, आमा, बावु ,पति, पत्नी, दाजु, भाउजु ,भाइ, भाईबुहारी, दिदी, बहिनी, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाइँ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा,भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका-काकी, मामा-माइज्यु, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु-भाईको छोरा, छोरी, फूपू र भदा-भदै बीच। | | | | | | | | | | | | |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | ०.६% | ०.९% | १.५% | ०.४% | ०.६% | १% | ०.४% | ०.६% | १% | ०.२% | ०.३% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | १% | १.५% | २.५% | ०.८% | १.२% | २% | ०.८% | १.२% | २% | ०.४% | ०.६% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | ६% | ९% | १५% | ६% | ९% | १५% | ६% | ९% | १५% | ४% | ६% | १०% |
| | स्पष्टीकरण: | | | | | | | | | | | | |
| | सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | | | | | | | | | | | | |
| ४. | <u>अंशवण्डा तथा अंश भर्पाईको लिखत</u> | | | | | | | | | | | | |
| | अंशवण्डा तथा अंश भर्पाईको लिखतमा | | | | | | | | | | | | |
| | (क) रु.३० लाखसम्मको थैली अङ्कमा | ०.०८% | ०.१२% | ०.२% | ०.०८% | ०.१२% | ०.२% | ०.०८% | ०.१२% | ०.२% | ०.०८% | ०.१२% | ०.२% |
| | (ख) रु.३० लाखभन्दा बढी रु.२ करोडसम्मको थैली अङ्कमा | ०.१२% | ०.१८% | ०.३% | ०.१२% | ०.१८% | ०.३% | ०.१२% | ०.१८% | ०.३% | ०.१२% | ०.१८% | ०.३% |

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्र | | | उपमहानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
| | | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर |
| | (ग) रु.२ करोडभन्दा माथिको थैली अङ्कमा | ०.२% | ०.३% | **०.५%** | ०.२% | ०.३% | **०.५%** | ०.२% | ०.३% | **०.५%** | ०.२% | ०.३% | **०.५%** |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत | | | | | | | | | | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | ४८०० | ७२०० | **१२०००** | ४४०० | ६६०० | **११०००** | ४००० | ६००० | **१००००** | २००० | ३००० | **५०००** |
| | (ख) मानो जोडिएको प्रति लिखत | ६००० | ९००० | **१५०००** | ४८०० | ७२०० | **१२०००** | ४००० | ६००० | **१००००** | २००० | ३००० | **५०००** |
| ६. | शेषपछिको बकसपत्रको लिखत | | | | | | | | | | | | |
| | शेषपछिको बकसपत्र/अष्टलोहको प्रतिलिखत | | | | | | | | | | | | |
| | (क) तीन पुस्ताभित्रको | २८०० | ४२०० | **७०००** | २४०० | ३६०० | **६०००** | २००० | ३००० | **५०००** | ८०० | १२०० | **२०००** |
| | (ख) तीन पुस्ताबाहिरको | ४८०० | ७२०० | **१२०००** | ४४०० | ६६०० | **११०००** | ४००० | ६००० | **१००००** | १६०० | २४०० | **४०००** |
| ७. | वन्धकीको लिखत | | | | | | | | | | | | |
| | दृष्टीवन्धकी, भोगवन्धकी र लखवन्धकीको लिखतको थैली अंकमा | ०.४% | ०.६% | **१%** | ०.४% | ०.६% | **१%** | ०.४% | ०.६% | **१%** | ०.४% | ०.६% | **१%** |
| ८. | धर्मपुत्र, धर्मपुत्रीको लिखत | | | | | | | | | | | | |
| | धर्मपुत्र, धर्मपुत्रीको प्रति लिखतमा | | | | | | | | | | | | |
| | (क) तीन पुस्ताभित्रको नातामा | ४०० | ६०० | **१०००** | ४०० | ६०० | **१०००** | ४०० | ६०० | **१०००** | ४०० | ६०० | **१०००** |
| | (ख) तीन पुस्ताबाहिरकोमा | २८०० | ४२०० | **७०००** | २४०० | ३६०० | **६०००** | २००० | ३००० | **५०००** | १६०० | २४०० | **४०००** |
| ९. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | | | | | | | | | | | | |
| | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | ८०० | १२०० | **२०००** | ८०० | १२०० | **२०००** | ८०० | १२०० | **२०००** | ८०० | १२०० | **२०००** |
| १० | कपाली तमसुक र करारनामाको लिखत | | | | | | | | | | | | |
| | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | ०.४% | ०.६% | **१%** | ०.४% | ०.६% | **१%** | ०.४% | ०.६% | **१%** | ०.४% | ०.६% | **१%** |
| ११ | सि.नं.४ को अंशबण्डा तथा अंश भर्पाइको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं.१ देखि ८ सम्मका घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु अर्को इलाकामा पारित गर्न सकिने छैन । | | | | | | | | | | | | |

## (ख) सेवा शुल्कः

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्र | | | उपमहानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
| | | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्कः | | | | | | | | | | | | |
| | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुरः | | | | | | | | | | | | |
| | (क) काठमाडौं उपत्यका क्षेत्रमा | ६०००/ | ९०००/ | **१५०००/** | ४८००/ | ७२००/ | **१२०००/** | ४०००/ | ६०००/ | **१००००/** | २८००/ | ४२००/ | **७०००/-** |
| | (ख) तराई क्षेत्रमा | ६०००/ | ९०००/ | **१५०००/** | ४०००/ | ६०००/ | **१००००/** | २८००/ | ४२००/ | **७०००/-** | १२००/- | १८००/- | **३०००/-** |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्र | | | उपमहानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
| | | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर |
| | (ग) अन्य क्षेत्रमा | ६०००/ | ९०००/ | १५०००/ | २८००/ | ४२००/ | ७०००/- | २०००/ | ३०००/ | ५०००/ | ८००/- | १२००/- | २०००/- |
| २. | <u>वित्तीय धितो:</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोबार गर्न स्वीकृति प्राप्त बैंक,वित्तिय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | | | | | | | | | |
| | (क) रु.१००,०००/- सम्मको लिखतको थैली अङ्कमा | ४००/- | ६००/- | १०००/- | ४००/- | ६००/- | १०००/- | ४००/- | ६००/- | १०००/- | ४००/- | ६००/- | १०००/- |
| | (ख) रु.१००,०००/- भन्दा बढी रु.५००,०००/- सम्मको थैली अङ्कमा | ६००/- | ९००/- | १५००/- | ६००/- | ९००/- | १५००/- | ६००/- | ९००/- | १५००/- | ६००/- | ९००/- | १५००/- |
| | (ग) रु.५००,०००/- भन्दा बढी रु.१,०००,०००/- थैली अङ्कमा | १०००/- | १५००/- | २५००/- | १०००/- | १५००/- | २५००/- | १०००/- | १५००/- | २५००/- | १०००/- | १५००/- | २५००/- |
| | (घ) रु.१०,००,०००/- भन्दा बढी रु.२०,००,०००/- सम्मको थैली अङ्कमा | १२००/- | १८००/- | ३०००/- | १२००/- | १८००/- | ३०००/- | १२००/- | १८००/- | ३०००/- | १२००/- | १८००/- | ३०००/- |
| | (ङ) रु.२०,००,०००/- भन्दा बढी रु.५०,००,०००/- सम्मको थैली अङ्कमा | २०००/- | ३०००/- | ५०००/- | २०००/- | ३०००/- | ५०००/- | २०००/- | ३०००/- | ५०००/- | २०००/- | ३०००/- | ५०००/- |
| | (च) रु.५०,००,०००/- भन्दा बढी रु.१,००,००,०००/- सम्मको थैली अङ्कमा | ८०००/- | १२०००/- | २००००/- | ८०००/- | १२०००/- | २००००/- | ८०००/- | १२०००/- | २००००/- | ८०००/- | १२०००/- | २००००/- |
| | (छ) रु.१,००,००,०००/- भन्दा बढी रु.२,००,००,०००/- सम्मको थैली अङ्कमा | १२०००/- | १८०००/- | ३००००/- | १२०००/- | १८०००/- | ३००००/- | १२०००/- | १८०००/- | ३००००/- | १२०००/- | १८०००/- | ३००००/- |
| | (ज) रु.२,००,००,०००/- भन्दा बढी रु.५,००,००,०००/- सम्म थैली अङ्कमा | २६०००/- | ३९०००/- | ६५०००/- | २६०००/- | ३९०००/- | ६५०००/- | २६०००/- | ३९०००/- | ६५०००/- | २६०००/- | ३९०००/- | ६५०००/- |
| | (झ) रु.५,००,००,०००/- भन्दा बढी जति सुकै थैली अङ्कमा | ४००००/- | ६००००/- | १०००००/- | ४००००/- | ६००००/- | १०००००/- | ४००००/- | ६००००/- | १०००००/- | ४००००/- | ६००००/- | १०००००/- |
| ३. | <u>लीज</u>:<br><u>सरकारी जग्गा लिजमा उपलव्ध गराउने</u> | (सरकारी जग्गा दर्ता तथा लिजमा उपलव्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ।) | | | | | | | | | | | |
| ४. | <u>जग्गाधनि दर्ता श्रेष्ताको प्रतिलिपीको लागि (टिकट बाहेक) प्रति पूर्जा</u> | | | | | | | | | | | | |
| | (क) काठमाडौं उपत्यका भित्र | ४००/- | ६००/- | १०००/- | ४००/- | ६००/- | १०००/- | ४००/- | ६००/- | १०००/- | २००/- | ३००/- | ५००/- |
| | (ख) तराई क्षेत्र | ४००/- | ६००/- | १०००/- | २८०/- | ४२०/- | ७००/- | २००/- | ३००/- | ५००/- | ८०/- | १२०/- | २००/- |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्र | | | उपमहानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
| | | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर |
| | (ग) अन्य क्षेत्र | ४००/- | ६००/- | **१०००/-** | २००/- | ३००/- | **५००/-** | १२०/- | १८०/- | **३००/-** | ४०/- | ६०/- | **१००/-** |
| | <u>नोट</u>: जुनसुकै प्रयोजनको लागि प्रतिलिपी लिँदा समेत लागु हुनेछ। | | | | | | | | | | | | |
| ५. | <u>दाखिल खारेज शुल्क</u> | | | | | | | | | | | | |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा | २% | ३% | **५%** | १.८% | २.७% | **४.५%** | १.६% | २.४% | **४%** | ०.८% | १.२% | **२%** |
| | (ख) अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा | १.२% | १.८% | **३%** | १% | १.५% | **२.५%** | ०.८% | १.२% | **२%** | ०.४% | ०.६% | **१%** |
| | (ग) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तिय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दा.खा.गर्दाको थैली अङ्कमा | २% | ३% | **५%** | १.८% | २.७% | **४.५%** | १.६% | २.४% | **४%** | ०.८% | १.२% | **२%** |
| | (घ) बैंक वित्तिय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक वित्तिय संघ वा सहकारी संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल | २८००/- | ४२००/- | **७०००/-** | २४००/- | ३६००/- | **६०००/-** | २०००/- | ३०००/- | **५०००/-** | ८००/- | १२००/- | **२०००/-** |
| | (ङ) बैंक वित्तिय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | १% | १.५% | **२.५%** | ०.८% | १.२% | **२%** | ०.८% | १.२% | **२%** | ०.४% | ०.६% | **१%** |
| | (अ) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दा.खा. हुन आउँदा प्रति मिसिल | २००/- | ३००/- | **५००/-** | १६०/- | २४०/- | **४००/-** | १२०/- | १८०/- | **३००/-** | ८०/- | १२०/- | **२००/-** |
| | (आ) अदालत वा न्यायीक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | २०००/- | ३०००/- | **५०००/-** | १२००/- | १८००/- | **३०००/-** | ४००/- | ६००/- | **१०००/-** | २००/- | ३००/- | **५००/-** |
| | (च) <u>शेषपछिको बकसपत्रको दाखिल खारेज</u> | | | | | | | | | | | | |
| | (अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | | | | | | | | | | |
| | (आ) तीनपुस्ता बाहिरको भए (थैली अङ्क) मा | सबै क्षेत्रका लागि राजिनामा सरह | | | | | | | | | | | |
| ६. | <u>नामसारी</u> | | | | | | | | | | | | |
| | (क) तीन पुस्ता भित्रको नामसारी गर्दा | ६००/- | ९००/- | **१५००/-** | ४८०/- | ७२०/- | **१२००/-** | ४००/- | ६००/- | **१०००/-** | २००/- | ३००/- | **५००/-** |
| | (ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | १४००/- | २१००/- | **३५००/-** | १२००/- | १८००/- | **३०००/-** | १२००/- | १८००/- | **३०००/-** | ६००/- | ९००/- | **१५००/-** |
| ७. | <u>हाल साविक</u> | | | | | | | | | | | | |

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्र | | | उपमहानगरपालिका क्षेत्र | | | नगरपालिका क्षेत्र | | | गाउँपालिका क्षेत्र | | |
| | | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर | प्रदेश | स्थानीय | एकल कर |
| | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | १६०/- | २४०/- | **४००/-** | १२०/- | १८०/- | **३००/-** | ८०/- | १२०/- | **२००/-** | ४०/- | ६०/- | **१००/-** |
| ८. | <u>घर कायम</u><br>श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदन | १०००/- | १५००/- | **२५००/-** | ८००/- | १२००/- | **२०००/-** | ८००/- | १२००/- | **२०००/-** | २००/- | ३००/- | **५००/-** |
| ९. | <u>संशोधन दस्तुर</u><br>मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | १२०/- | १८०/- | **३००/-** | ८०/- | १२०/- | **२००/-** | ४०/- | ६०/- | **१००/-** | २०/- | ३०/- | **५०/-** |
| १०. | रोक्का दस्तुर | | | | | | | | | | | | |
| | क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | - | - | **नलाग्ने** | - | - | **नलाग्ने** | - | - | **नलाग्ने** | - | - | **नलाग्ने** |
| | ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | | | | | | | | | | |
| | (अ) रु.१०००००/- सम्मको ऋण अङ्कमा | २००/- | ३००/- | **५००/-** | १६०/- | २४०/- | **४००/-** | १२०/- | १८०/- | **३००/-** | ८०/- | १२०/- | **२००/-** |
| | (आ) रु.१०००००/-लाखभन्दा बढी रु.५०००००/- सम्म | ३२०/- | ४८०/- | **८००/-** | २८०/- | ४२०/- | **७००/-** | २००/- | ३००/- | **५००/-** | १२०/- | १८०/- | **३००/-** |
| | (इ) रु.५ लाख भन्दा बढी जतिसुकै ऋण अंकमा | ४००/- | ६००/- | **१०००/-** | ३२०/- | ४८०/- | **८००/-** | २८०/- | ४२०/- | **७००/-** | २००/- | ३००/- | **५००/-** |
| | (ई) ऋण अंक नखुलेमा | २०००/- | ३०००/- | **५०००/-** | १६००/- | २४००/- | **४०००/-** | १२००/- | १८००/- | **३०००/-** | ८००/- | १२००/- | **२०००/-** |

**(ग) विविध :**

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैची खेती, जडीवुटी खेती एवम् फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ३. | सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरु मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ४. | सूर्ती गुड्खा पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ।तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५. | (क) कृषि ऋण, वीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैक तथा वित्तिय संस्थाहरुले आफ्ना बहालवाला कर्मचारीहरुलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ ।तर सेवा शुल्क रु. १०००/- लाग्नेछ।<br><br>(ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित वचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरुलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. ५००/- लाग्नेछ। |
| ६. | (क) सहकारी ऐन २०४८ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरु वीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैंयासम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क वापत रु.२००।- लाग्नेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड ख सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ।<br><br>(ख) बैकिङ्ग तथा वित्तिय व्यवसाय र विमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरुले सो प्रयोजनका लागि घर जग्गाको एकत्रित गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन। |
| ७. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्णरुपमा छुट हुनेछ। |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाती भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा तिनिहरुको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घरजग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट हुनेछ। |

| | |
|---|---|
| ९. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैंतिस प्रतिशत छुट हुनेछ।<br>(ख) गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ।<br>(ग) देहायको स्थानमा पचास प्रतिशत छुट हुनेछ।<br>अ) रसुवा जिल्लाको सदरमुकाम बाहेक।<br>आ) दोलखा जिल्लाका लामाबगर, गौरीशंकर, आलम्पु, मार्वु, स्यामा, वगु, खारे र चिलंखा साविकको गाउँ विकास समितिको हकमा।<br>(इ) धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओलाङ, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दी साविकको गाउँ विकास समितिको हकमा।<br>(ई) सिन्धुपाल्चोक जिल्लाको तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी साविकको गाउँ विकास समितिको हकमा।<br>घ) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नि दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको थैली अंक कायम गरी सो संगोलनामाको लिखतमा रु. ५००।– मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ।<br>ङ) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ।तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| १०. | भूमिहिन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ। |
| ११. | बैंक, वित्तिय एवम् सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तिय एवम् सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ। |
| १२. | रजिष्ट्रेशन शुल्क वापत मालपोत कार्यालयले उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट ०.२५(शुन्य दशमलव दुई पाँच प्रतिशत) मालपोत/भूमी सुधार/नापी कार्यालयहरुको संस्थागत सुदृढिकरण, भवन निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्य संचालनमा खर्च गर्ने गरी सम्बन्धित मालपोत कार्यालयहरुमा उपलव्ध गराइनेछ। यसरी उपलव्ध गराएको रकम रु. छ लाख भन्दा बढी भएमा सो भन्दा बढी भएको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।उपरोक्त बमोजिमको रकम कार्यविधि बनाई खर्च गर्नुपर्नेछ । |
| १३. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ। |
| १४. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरुले संस्थाको प्रयोजनका लागि मात्र काठमाडौं उपत्यकामा १ रोपनी, पहाडी क्षेत्रमा २ रोपनी र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ। |

| | |
|---|---|
| १५. | विविधको क्रम संख्या ७, ८, ९ र १० बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १६. | एउटै कारोबारबाट ५० लाख रुपैंया वा सो भन्दा माथिको घर वा जग्गा खरिद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १७. | पति पत्निको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिईनेछ। |
| १८. | तीन पुस्ता भित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रम संख्या २ मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| १९. | नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २०. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा प्रदेश सरकारको कुनै निकायलाई निशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकारको वा कुनै पनि निकायले खरिद गरी लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |

# अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर

| सवारीको विवरण | बार्षिक कर दर | | | कैफियत |
|---|---|---|---|---|
| | प्रदेश सरकार | स्थानीय तह | एकल कर | |
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | | | | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | | | | |
| (अ) १००० सी. सी. सम्म | १२,५४०/- | ८,३६०/- | रु. २०,९००/- | |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | १३,८६०/- | ९,२४०/- | रु. २३,१००/- | |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | १५,१८०/- | १०,१२०/- | रु. २५,३००/- | |
| (ई) २००१ सी.सी देखि २५०० सी.सी सम्म | २१,१२०/- | १४,०८०/- | रु. ३५,२००/- | |
| (उ) २५०१ सी.सी देखि २९०० सी.सी. सम्म | २४,४२०/- | १६,२८०/- | रु. ४०,७००/- | |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | ३४,९८०/- | २३,३२०/- | रु. ५८,३००/- | |
| (ख) डोजर,एक्साभेटर,लोडर,रोलर,ट्रिपर,क्रेन जस्ता मेशिनरी उपकरण र मिनटिपर | | | | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन, जस्ता, मेशिनरी उपकरण | ३०,०००/- | २०,०००/- | रु.५०,०००/- | |
| (आ) मिनीटिपर | १६५००/- | ११०००/- | रु. २७,५००/- | |
| (ग) अटो रिक्सा, थ्रि ह्वीलर, टेम्पो, ट्रेक्टर, पावर टिलर | | | | |
| (अ) अटो रिक्सा, थ्रि ह्वीलर, टेम्पो | ३३००/- | २२००/- | रु. ५५००/- | |
| (आ) ट्रेक्टर | ३०००/- | २०००/- | रु. ५०००/- | |
| (इ) पावर टिलर | १९८०/- | १३२०/- | रु. ३३००/- | |
| (गैर कृषि प्रयोजनका लागि एकल कर अन्तर्गत बार्षिक कर दर रु. १५०००/- हुने जसमा प्रदेश सरकारको ९०००/- र स्थानीयको ६०००/- रहने।) | | | | |
| (घ) मिनिट्रक/मिनिबस | १४,५२०/- | ९,६८०/- | रु. २४,२००/- | |
| (ङ) ट्रक/बस | १९,८००/- | १३,२००/- | रु. ३३,०००/- | |
| (च) मोटर साइकल | | | | |
| (अ) १२५ सी.सी. सम्म | १,६५०/- | १,१००/- | रु. २,७५०/- | |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | २,६४०/- | १,७६०/- | रु. ४,४००/- | |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | ५२८०/- | ३,५२०/- | रु. ८,८००/- | |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | ९९००/- | ६,६००/- | रु. १६,५००/- | |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | | | | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | | | | |
| (अ) १३०० सी.सी सम्म | ५,२८०/- | ३,५२०/- | रु. ८,८००/- | |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी सम्म | ५,९४०/- | ३,९६०/- | रु. ९,९००/- | |
| (इ) २००१ सी.सी. देखि २९०० सी.सी.सम्म | ७,२६०/- | ४,८४०/- | रु. १२,१००/- | |
| (ई) २९०१ देखि ४००० सी.सी. सम्म | ८,५८०/- | ५,७२०/- | रु. १४,३००/- | |
| (उ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | ९,९००/- | ६,६००/- | रु. १६,५००/- | |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | ३०,०००/- | २०,०००/- | रु. ५०,०००/- | |
| (ग) अटो रिक्सा, थ्रि ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | | | | |
| (अ) अटो रिक्सा, थ्रि ह्वीलर, टेम्पो | २,६४०/- | १,७६०/- | रु. ४,४००/- | |
| (आ) ट्रेक्टर | ३०००/- | २०००/- | रु. ५,०००/- | |
| (इ) पावर टिलर | १९८०/- | १३२०/- | रु. ३,३००/- | |
| (गैर कृषि प्रयोजनका लागि एकल कर अन्तर्गत बार्षिक कर | | | | |

| | | | | |
|---|---|---|---|---|
| दर रु. १५०००/- हुने जसमा प्रदेश सरकारको ९०००/- र स्थानीयको ६०००/- रहने) | | | | |
| (घ) मिनिट्रक, मिनिबस | ७,९२०/- | ५,२८०/- | रु. १३,२००/- | |
| (ङ) मिनी ट्रिपर | ९,२४०/- | ६,१६०/- | रु. १५,४००/- | |
| (च) ट्रक, बस | १०,५६०/- | ७,०४०/- | रु. १७,६००/- | |

| | |
|---|---|
| ३. | तपसीलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छः-<br>(क) नेपाल सरकार र प्रदेश सरकारको नाउँमा दर्ता भएका,<br>(ख) गाउँपालीका, नगरपालीका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका। |
| ४. | बिधुतिय माध्यामबाट सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन।पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्धारा सञ्चालन हुने सवारी साधनमा लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ। |
| ५. | सुरु पैठारी मितिले एक बर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठह्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |
| ७. | बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना २० वर्ष नकटेका सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकमभन्दा बढी हुने छैन। |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रुपमा भाडाका छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच बर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन। यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२. | बीस लाख रुपैंयाभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नुपर्नेछ। |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गगता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रुपमा रुपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनुपर्ने सवारी साधन कर वापत पचास हजार रुपैंया वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरुलाई दिइने छैन। |
| १५. | नेपाल सरकार वा प्रदेश सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको कर लाग्ने छैन। |

## अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

### मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको दर | | |
|---|---|---|---|---|
| | | स्थानीय | प्रदेश | एकल कर |
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ३% | २% | ५% |
| २. | भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/ नाटकघर, फनपार्क, वाटर गार्डेन, वाल उद्यान, दोहोरी साँझ, डान्सबार लगायतकामा प्रति टिकट/ विल | ३% | २% | ५% |
| ३. | तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए वापत प्रतिदिन | रु.४०/- | रु.६०/- | रु.१००/- |
| ४. | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए वापत मासिक | २०००/- | ३०००/- | रु. ५०००।- |

## अनुसूची - ४

(दफा ६ सँग सम्बन्धित)

### कृषि आयमा कर

| सि.नं. | आयको वर्गिकरण | करको दर |
|---|---|---|
| (क) | कूल आय रु. ५,००,००० सम्म | शून्य (कर नलाग्ने) |
| (ख) | कूल आय रु. ५,००,००१ देखि ५०,००,००० सम्म | १.५% |
| (ग) | कूल आय रु. ५०,००,००१ देखि १,००,००,००० सम्म | १.७५% |
| (घ) | कूल आय रु. एक करोडभन्दा माथि | २% |

## अनुसूची - ५

(दफा ८ सँग सम्बन्धित)

### दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (निकासी शुल्क) |
|---|---|---|---|---|
| १. | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा आन्तरिक विक्रि एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. १/- | रु.२ देखि ३ सम्म |
| २. | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा जिल्ला वाहिर निकासी कर | प्रति क्यूव फिट | रु. १/५० पै. | रु.३ देखि ५ सम्म |
| ३. | माटो आन्तरिक विक्रि एवं घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | पच्चीस पैसा | रु. १/- |
| ४. | माटो जिल्ला वाहिर निकासी कर | प्रति क्यूव फिट | पचास पैसा | रु.२/- |
| ५. | खानीजन्य उद्योगबाट निकासी हुने वस्तुमा निकासी कर मात्र लगाइनेछ। | | | |
| ६. | जिल्लामा उत्पादन भई निकासी हुने सिमेन्टको हकमा विक्रि मूल्यको ०.५ प्रतिशतका दरले प्राकृतिक श्रोत कर लगाइने छ। | | | |